# मोड्युल ६:
# तपाईंको पहिलो समूह सुरु गर्नुहोस्।



मोड्युल ६ मा, तपाईँले उपयुक्त डिएमएम दृष्टिकोण छनौट गर्न आफ्नो सन्दर्भको मूल्याङ्कन कसरी गर्ने भनेर सिक्नुहुनेछ।तपाईँले आफ्नो प्रयोगको लागि उपलब्ध गराइएका स्रोतहरू सहित ३ भागको चेला बनाउने बैठक कसरी सञ्चालन गर्ने भनेर पनि पत्ता लगाउनुहुनेछ। साथै, तपाईँले निरन्तर प्रगति सुनिश्चित गर्न निरन्तर मूल्याङ्कनको महत्त्व पनि सिक्नुहुनेछ।

पाठ १ : सन्दर्भलाई विचार गर्नुहोस् र आफ्नो दृष्टिकोणलाई निर्धारण गर्नुहोस्
पाठ २: चेला बनाउने बैठकको तीन भागहरु
पाठ ३ : तपाईँको ३ भाग चेला बनाउने बैठकमा कसरी दर्शन प्रस्तुत गर्ने ?
पाठ ४ :३ भाग चेला बनाउने बैठकको “हेर्नुहोस्” भागमा प्रयोग गर्न बाइबलका वचनहरूको संगालो।
पाठ ५ : मूल्याङ्कन गर्नु ,समायोजना गर्नु, र जारी राख्नु

यस मोड्युलमा बुझ्न र छलफल गर्न मुख्य बुँदाहरू
(यदि अरूसँग यो पाठ्यक्रम मार्फत काम गर्दै हुनुहुन्छ भने)

- तपाईँको सन्दर्भले उपयुक्त डिएमएम दृष्टिकोण अपनाउन निर्देशनहरु दिनेछ।
- ३ भागको चेला बनाउने बैठक एक आधारभूत चेला बनाउने अभियानको गतिविधि हो जसले गुणात्मक बृद्धिलाई बढावा दिन्छ।
- तपाईँको DMM लक्ष्यहरूको सम्बन्धमा तपाईँको उपकरणहरू र रणनीतिको नियमित रूपमा मूल्याङ्कन गर्नु आवश्यक छ।

## पाठ १
## सन्दर्भलाई विचार गर्नुहोस् र आफ्नो दृष्टिकोणलाई निर्धारण गर्नुहोस्।




### टिफोटि (T4T) र डिबिएसमा (DBS) बिच के भिन्नता छ ?
### मैले कुन दृष्टिकोण प्रयोग गर्नुपर्छ ?

चेला बनाउने अभियान र चर्च स्थापना अभियानको विषयमा संसार भ्रमित भइरहेको छ। जहाँ धेरै फरक स्रोतहरू दृष्टिकोणहरू र प्रशिक्षणहरू छन्। यी निरन्तर परिवर्तन र विकास भइरहेका छन्। त्यसैले म जस्ता प्रशिक्षकहरूले अनुकूल, मूल्याङ्कनहरू सिक्छन्। दृष्टिकोणहरू ओभरल्याप हुँदा कुन रणनीति प्रयोग गर्ने भनेर निर्धारण गर्न भ्रामक हुन सक्छ।

हामी सबैभन्दा प्रभावकारी छनौट गर्न चाहन्छौं! हामी एक वक्ताले भने कि यसले काम गर्‍यो तर हामीले अर्को पुस्तक पढ्छौ र त्यसमा अलि फरक कुरा पाउछौँ।

जब तपाई सुरू गर्नुहुन्छ, दृष्टिकोणहरू विचार गर्नुहोस् र तपाईँको सन्दर्भको लागि सहि छनौट गर्नुहोस्। तपाईँले निर्णय गर्नुभएको कुरा धेरै दृष्टिकोणहरूको संयोजन (हाइब्रिड) हुन सक्छ। तपाईँले तिनीहरूलाई आफ्नो अद्धितीय सन्दर्भमा अनुकूलन गर्न सक्नुहुन्छ।

फलदायिताको मूल्याङ्कन गर्दै, तपाईँ र तपाईँको टोलीको लागि परमेश्वरको विशेष निर्देशन सुन्दै, तपाईँले आफ्नो रणनीति समायोजन गर्नुहुनेछ।

अहिलेको लागि रणनीतिको बारेमा निर्णय लिनुहोस् र एक वा दुई वर्षसम्म त्यसैमा स्थिर रहनुहोस्। तपाईँले प्रयोग गरिरहनुभएको विधिलाई प्रभावकारी हुन समय दिनुहोस्। त्यसपछि, यदि त्यसबाट तपाईँले आशा गरेको फल उत्पादन भएन भने, आफ्नो दृष्टिकोणमा पुन विचार गर्नुहोस् र परिवर्तनहरू गर्नुहोस्।



सी. एन्डरसन

सिक्दै ,स्वीकार गर्दै र लागू गर्दै

चेला बनाउने अभियानको मेरो व्यक्तिगत यात्रामा धेरै मोडहरू आएका छन्। गुणात्मक बृद्धि हुने चर्चहरूसँग मेरो पहिलो सम्पर्क जर्ज प्याटर्सन र ट्रेन एन्ड एण्ड मल्टिप्लाई भन्ने प्रणालीबाट भएको थियो। केही वर्षपछि , डेबिड ग्यारिसनको मण्डली स्थापना अभियानहरूमा पुस्तक प्रकाशित भयो।

त्यो पढेर मैले सिपिएमका (CPM) सिद्धान्तहरूको बारेमा थप बुझाई प्राप्त गरे। मैले जे सिके, मैले पहुँच नभएका मानिसहरू माझ चेला बनाउने काममा हामीले के गरिरहेका थियौँ त्यसलाई लागू गर्ने प्रयास गरे। केही कुराहरू हाम्रो सन्दर्भमा राम्रोसँग काम गरेको देखिन्थ्यो भने अरूले गरेनन्।

त्यसपछि म एउटा कथासँग परिचित भए र मौखिकताको मुद्दाहरूमा विचार गर्न थाले। नेपाल र भारतमा हामीले काम गर्ने मानिसहरूको समूह मौखिक संस्कृतिको मानिसहरू थिए। हामीले बाइबलका कथाहरू प्रयोग गरेर चेलाहरूलाई तालिन दिन थाल्यौँ।यो कथा सिकाएपछि हामी छलफल गर्न डिस्कबरी बाइबल अध्ययन प्रश्न प्रयोग गऱ्यौँ। जसको बारेमा छलफल गर्न सकिन्थ्यो त्यसपछि मैले इस्टिभ स्मिथ र इङ्काईको T4T पुस्तक पढेको थिए र इङ्गले भारत भ्रमण गर्दा उहाँको अधीनमा रहेर सिक्ने अवसर पनि पाएँ।

प्रत्येक एक्सपोजरमा मेरो बुझाई बढ्दै र विकास हुँदै गयो। हामीले T4T मा आधारित हाम्रो आफ्नै निस्चित संस्करण सृजना गऱ्यौँ। र कथा र खोज मुलक बाइबल अध्ययनका तत्वहरू पनि समावेश गऱ्यौँ। यसले धेरै ठाउँमा राम्रो सफलता पाएको छ तर सबै ठाउँमा भने होइन, हामी अझै पनि मुल्याङ्कन, स्वीकार गर्न, सिकिरहेका छौं।

चेला बनाउने अभियानको सुरुवातको अर्थ हामीले त्यो निरन्तर गर्नुपर्छ। हामीले सिक्छौँ, लागू गर्छौ, फलदायिताको मूल्याङ्कन गर्छौ र परिवर्तन गर्छौं। खतरा यो हो कि यदि हामी भ्रमित भयो र प्रगति गर्नुको सट्टा चक्रमा घुमि रहन्छौ भने।

विकल्पहरूको अनुसन्धान गर्नुहोस् र प्रभुको मार्गदर्शन खोज्नुहोस् उहाँले तपाईँलाई कहाँबाट सुरु गर्ने भनी देखाउनुहुनेछ। रणनीति महत्त्वपूर्ण छ तर परमेश्वर हुनुहुन्छ जसले अभियान सुरु गर्नुहुन्छ भनी सम्झनुहोस्। (जब रणनीति बाधा बन्छ) यस प्रक्रियामा तपाईँले मार्गदर्शन प्राप्त गर्न उहाँ माथि भरोसा राख्नुहोस्।

"आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख र तेरो आफ्नै समझ शक्तिमा भरनपर आफ्ना सारा मार्गमा उहाँलाई सम्झि र उहाँले तेरा मार्गहरू सोझा तुल्याई दिनुहुनेछ"।

हितोपदेश ३:५- ६

## DMM को कुन  दृष्टिकोण प्रयोग गर्ने भनेर कसरी निर्धारण गर्ने?
## १. दुई सबैभन्दा सामान्य DMM दृष्टिकोणहरु T4T  र DBS बीचको भिन्नता बुझ्नुहोस्।

केही वर्षअघि मिसन फ्रन्टियस पत्रिकाले एउटा अद्भुत लेख प्रकाशित गरेको थियो। जसले चेला बनाउने र मण्डली स्थापनाका अभियानहरू सुरु गर्न प्रयोग गरिने २ मुख्य दृष्टिकोणहरुको तुलना गर्दछ। थप पूर्ण तुलनाको लागि म तपाईँलाई पुरा लेख पढ्नको लागि हौसला दिँदछु।

मेरो बुझाइमा टिफोटि र डिबिएस बीचको आधारभूत भिन्नताहरू यी हुन्।

- T4T ले पहिले मानिसहरूलाई ख्रीष्टमा डोर्‍याउने त्यसपछि उनीहरूसँग चेला बनाउने समूह सुरु गर्ने कुरामा जोड दिन्छ ।

T4T टिफोटी प्रशिक्षकको लागि प्रशिक्षण समूहहरूले नयाँ र पुराना चेलाहरूलाई अरुसँग आफ्नो विश्वास बाँड्न तालिम दिन्छन्। तिनीहरूले मानिसहरूलाई ख्रीष्टमा डोर्‍याउने क्रममा अरूहरूलाई चेला बन्न तालिम दिन्छन् जसले चेला बनाउँछन्। तपाईँले तिनीहरूलाई तालिम दिनुहुन्छ जबसम्म तिनीहरूले अरुलाई तालिम दिदैनन् । तर सबै टिफोटी समूहहरू घरेलु मण्डलीहरु बन्दैन्न।

- DBS डिबिएसले इच्छु खोजीकर्ताहरूसँग सुसमाचार मूलक खोजमूलक बाइबल अध्ययन सुरु गर्न जोड दिन्छ।

जब तिनीहरूले परमेश्वरको वचन अध्ययन गर्छन् तपाईँले तिनीहरूलाई ख्रीष्ट प्रतिको प्रतिबद्धतामा डोऱ्याउनुहुन्छ। धेरैजसो DBS समूहहरू खोजी गर्ने समूहहरू हुन्। यी प्राय चेला बनाउने समूहहरू वा मण्डलीहरूमा विकसित हुन्छन्। यदि समूहमा भएकाहरूले ख्रीष्टलाई पछ्याउने निर्णय गर्दैनन् भने DBS समूह सधैँ जारी रहँदैन। त्यसैले, शुद्ध DBS दृष्टिकोणले प्रायः T4T भन्दा धेरै समूह हराएर जाने दर देखाउँछ।

आधारभूत प्रश्न यो हो कि: तपाईँले समूहहरू कहिले सुरु गर्नुहुन्छ मानिसहरूले ख्रीष्टलाई स्वीकार गर्न अघि (DBS) वा मानिसहरुले ख्रीष्टलाई स्वीकार गरिसके पछि?(T4T)

## २ मौखिकता सम्बन्धी मुद्दाहरूलाई विचार गर्नुहोस्।

धेरै पहुँच नभएका मानिसहरू मौखिक संस्कृतिबाट आएका हुन्छन्। तिनीहरू बिचमा मौखिक संस्कृति दृष्टिकोण प्रयोग नगर्दा गुणात्मक बृद्धिमा अत्यनत बाधा पुग्न सक्छ। बाईबल पढ्नुको सट्टा तपाईँले अडियो रेकर्डिङ वा अडियो बाइबल प्रयोग गरेर कथाहरू सिक्न र सुनाउन सक्नुहुन्छ। तपाईँले कथाहरू बुझाउन सामग्रीहरूको सृजना गर्ने विचार गर्न सक्नुहुन्छ। त्यसपछि पढ्न नसक्ने वा मन नपराउने व्यक्तिहरूले पनि तिनीहरूलाई सजिलै सम्झन सक्छन् । मौखिक संस्कृतिका सन्दर्भमा, सिक्ने प्रकियामा नाटकको प्रयोग गर्नु पनि प्राय: राम्रो हुन्छ।

तपाईंले पुग्न खोजि रहनु भएका मानिसहरूको सिक्ने शैली अनुसार आफ्नो रणनीतिलाई अनुकुल बनाउनुहुन्छ? कसरी?



## ३. तपाईंको विशेष परिस्थितिअनुसार यी चीजहरू छनौट गर्नुहोस्।

माथिका कुराहरू विचार गरिसकेपछि आफ्नो सन्दर्भको बारेमा ध्यानपूर्वक सोच्नुहोस्। सामान्य मानिसहरूले कसरी सिक्छन् ? उनीहरू कहाँ भेला हुन मन पराउँछन्? के उनीहरू घरमा भेला हुन्छन? वा आफ्नो कार्यस्थलमा?

लैङगिङतासँग सम्बन्धित मुद्दाहरू विचार गर्नुहोस्। के तपाईँले पुरुष र महिलाहरूको लागि छुट्टाछुट्टै समूह बनाउनुहुनेछ। वा अध्ययन गर्न र सिक्नसँगै भेला हुनुहुनेछ? केही मुस्लिमहरुका सन्दर्भमा पुरुष र महिलाहरूको लागि छुट्टा छुटै समूह घरेलु मण्डली सुरु गर्नु राम्रो हुन्छ।

मानिसहरूका समूहको बारेमा के हुन्छ? के तपाईँले सुसमाचार पुऱ्याउन चाहनुभएको मानिसहरूको बीचमा अवरोधहरू छन्? के मुस्लिम पृष्ठभूमिका लागि केही समूहहरू सुरु गर्नु राम्रो हुन्छ? र हिन्दु वा बौधहरूका लागि अन्य समूहहरू? के तपाईँ मुख्य रूपमा ध्यानकेन्द्रित गर्न एक विशेष प्रकारका मानिसहरूको छनोट गर्न चाहनुहुन्छ?

## ४. कुनै एक दृष्टिकोण छनौट गर्नुहोस् वा आफ्नै संस्करण विकास गर्नुहोस्।

तपाईँले माथिको कुरा विचार गर्दा, सम्झनुहोस्,कि यो प्रगतिमा रहेको काम हो र यसलाई समायोजन गर्न सकिन्छ। महत्त्वपूर्ण कुरा भनेको सुरु गर्नु हो! सबै कुराको स्पष्ट उत्तर निर्धारण गर्ने प्रयासमा अल्झिरहनु हुँदैन।

तपाईँले अपनाउनु भएको कुनै पनि दृष्टिकोण लागू गर्न र निश्चित गर्न कम्तिमा पाँच वा ६ वटा प्रमुख सिद्धान्तहरु सुची बद्ध गर्न उपयोगी हुनसक्छ।

उदाहरणको लागि, तपाईँ भन्न सक्नुहुन्छ: हामी हाम्रा घरेलु संगतीहरूलाई सहभागी बनाउनेछौं। हामी प्रचार गर्दैनौ तर प्रत्येक व्यक्तिलाई सामेल हुन र प्रश्नहरूको जवाफमा आफ्ना विचारहरू साझा गर्न अनुमति दिनेछौं।

अथवा तपाईँले यो सिद्धान्त लेख्न सक्नुहुन्छ प्रत्येक विश्वासीलाई तुरुन्तै आफ्नो गवाही अरुसँग बाड्न तालिम दिइनेछ। हाम्रो अभियानको DNA डी एन ए मा साहसी र सक्रिय सुसमाचार प्रचार समावेश हुनेछ।

## अझै अलमलमा हुनुहुन्छ?

हामी आशा गर्छौं कि यसले तपाईँलाई प्रक्रियामा केही मार्गदर्शन प्रदान गरेको छ र थप भ्रम सृजना गरेको छैन! यदि त्यहाँ केही कुराहरू स्पष्ट छैनन् भने, तपाईंले आफ्नो डिएमएम प्रशिक्षकलाई सम्पर्क गर्नुहोस् उहाँहरूसँग आफ्नो प्रश्नहरु मार्फत कुरा गर्नुहोस्।




**कार्य कदमहरू:**
१) प्रार्थनापूर्वक DMM (चेला बनाउने अभियान) का तरिकाहरू विचार गर्नुहोस् र तपाईं कुन तरिका प्रयोग गर्नुहुन्छ भन्ने निर्णय गर्नुहोस्।
२) कृपया यसलाई तपाईंको प्रशिक्षक (कोच) सँग बाड्नु होस्।

# पाठ २
# चेला बनाउने बैठकका तीन भागहरु

| पछाडि हेर्नुहोस् | माथि हेर्नुहोस् | अगाडि हेर्नुहोस् |
|---|---|---|
| पाष्टरीय हेरचाह<br><br>आराधना / धन्यवाद ज्ञापन<br><br>मैत्रीपुर्ण जवाफदेहिता र उत्सव<br><br>येशूलाई पछ्याउनुहोस् (गत हप्ताको पाठबाट परमेश्वरको बचनको पालना गर्न तपाईँले के गर्दै हुनुहुन्छ।)<br><br>मान्छे पक्रने (के तपाईँले आफ्नो दर्शन बाँड्नुभयो?)<br><br>हराएका व्यक्तिहरूप्रतिको दर्शन | परमेश्वरको बचन सुन्नुहोस्/पढ्नुहोस।<br><br>नयाँ पाठ/ कथा<br><br>पाठ/कथा , भन्न / दोहोऱ्याउने अभ्यास गर्नुहोस्<br><br>छलफल गर्नुहोस्।<br><br>१ तपाईँले परमेश्वरको बारेमा के सिक्नुभयो?<br>२ तपाईँले मानिसहरूको बारेमा के सिक्नुभयो? | **छलफल :**<br>३ तपाईँ कसरी आज्ञापालन गर्नुहुन्छ?<br><br>४ तपाईँकोसँग यस विषय बाढ्नुहुन्छ?<br><br>निश्चित लक्ष्यहरू निर्धारण गर्नुहोस्।<br><br>प्रार्थना गर्नुहोस् र पठाउनुहोस्। |

चेला बनाउने बैठकको चार्ट तालिका।

यस चार्ट तालिकाले प्रशिक्षकहरूको लागि तालिम र खोजमुलक बाइबल अध्ययनलाई समूह भित्र सहभागिता मुलुक खोजमा आधारित सिकाइ र कार्यन्वयनलाई बढावा दिनको लागि संयोजन गर्दछ। यो विधिले मैत्रीपूर्ण जवाफदेहीताको संस्कृतिलाई प्रबर्धन गर्दछ र विभिन्न संस्कृतिहरूमा यो प्रभावकारी साबित भएको छ। आफ्नो अद्धितीय सन्दर्भ र आवश्यकताहरू अनुरूप यसलाई परिमार्जन गर्न स्वतन्त्र महसुस गर्नुहोस्। यद्यपि चेला बनाउने अभियानमा परिणामस्वरूप गुणन प्राप्त गर्न मैत्रीपूर्ण जवाफदेहिता लुप स्थापना गर्नु आवश्यक छ। प्रत्येक समीक्षा प्रश्नहरूबाट सुरु गर्नुहोस् र हामीले हाम्रो हिस्सा कसलाई तालिम दिनेछौ र हामीले सिकेका कुराहरू कसरी लागु गर्ने योजना बनाउँछौ भन्नबार स्पष्ट प्रतिबद्धता साथ समाप्त गर्नुहोस्।



## १. पछाडि हेर्नुहोस्।

**क) पाष्टरीय हेरचाह:** यो प्रत्येक व्यक्तिलाई निको पार्ने र एकअर्कासँग जोडिने समय हो । जीवन, स्वास्थ्य, र परिवारको बारेमा प्रश्न सोध्नुहोस्. साँचो चासोको साथ उनीहरूको कुरा सुन्नुहोस्। समूहलाई एकअर्काको लागि प्रेम देखाउन र प्रार्थना गर्न प्रोत्साहन दिनुहोस्। तर यदि कसैलाई लामो समय सेवाको आवश्यकता छ भने , बैठक पछि उसँग कुरा गर्नु राम्रो हुन्छ।

**ख) आराधना:** यो समय परमेश्वरको प्रशंसा र महिमा व्यक्त गर्ने समय हो । केही समूहहरुत तपाईँ केको लागि आभारी हुनुहुन्छ भनेर सोध्छन् र सबैले परमेश्वरलाई धन्यवाद दिँदै जबाफ दिन्छन्। केही समूहहरुले परमेश्वरसँग जोडिनका लागि संगीतको प्रयोग गर्छन् र गीत गाउँछन्। आराधनाको समय छोटो र वास्तविक राख्नुहोस्। अभियानको बृद्धि हुँदै जाँदा तपाईँले प्रशंसा आराधना वा मध्यस्थताको लामो समयको लागि विशेष भेला वा कार्यक्रमको योजना बनाउन सक्नुहुन्छ।

**ग) उत्सव र जवाफदेहिता :** यो प्रत्येक व्यक्तिलाई अघिल्लो हप्ताको बारेमा सोध्ने समय हो। “माथितिर हेर्नुहोस्” भन्ने खण्डमा तपाईँको काम के थियो भनेर छोटकरीमा बाँड्न लगाउनुहोस् वा तपाईँले सोध्न पनि सक्नुहुन्छ ,”परमेश्वरले हामीलाई पछिल्लो बैठकमा भन्नुभएका कुरा तपाईँले कसरी पालन गर्नुभयो?” अथवा, “तपाईँले कोसँग बाड्नुभयो वा तालिम दिनुभयो र त्यो कसरी भयो?” “अगाडि हेर्नुहोस्” खण्डबाट गवाहीहरु बाड्नुहोस्। यसले एक मैत्रीपूर्ण जवाफदेहिताको चक्र सृजना गर्दछ। परमेश्वरले के गरिरहनुभएको छ भनेर बुझाउने र एकअर्काको लागि कसरी प्रार्थना गर्ने भनेर जान्ने अवसर यसले दिन्छ। यसले प्रत्येक व्यक्तिलाई पाठलाई लागू गर्ने, परमेश्वरको वचन पालन गर्ने, अरुसँग बाँड्ने शान्तिको व्यक्ति खोज्ने थप चेला बनाउनेहरूलाई तालिम दिने र नयाँ समूहहरू सुरु गर्ने चेला बनाउने र चेला बन्न पनि प्रोत्साहित गर्दछ।

**घ) दर्शन प्रस्तुत :** यो विश्वास निर्माण गर्ने दर्शनलाई प्रेरीत गर्ने र सबैलाई चेलाहरूको रूपान्तरण र वृद्धिको लागि परमेश्वरलाई प्रेम गर्न, प्रार्थना गर्न, आज्ञापालन गर्न, बाड्न र विश्वास गर्न प्रोत्साहित गर्ने समय हो । यो छोटो समयलाई परमेश्वरको लागि हराएकाहरूको लागि, समुदायको लागि, DMM को लागि वा सामान्यतया मिसनहरुको लागि हृदयको तयारी गर्न प्रयोग गर्नुहोस्।

## २ माथि हेर्नुहोस्

मध्य भाग त्यो हो जहाँ हामीले परमेश्वरको वचन सुन्छौँ र चेला र खोजकर्ताहरुलाई तालिम दिन्छौँ।


**क पाठहरू धर्मशास्त्र वा कथाहरू बाँड्नुहोस् ।** समूहको दृष्टिकोण वा सन्दर्भको आधारमा हामी अर्को कथा वा पाठ बाड्छौँ। प्राय :हामी क्रोनोलोजीको सुचि प्रयोग गर्छौ धर्मशास्त्रहरूको सूची पूर्वविश्वासीहरूलाई तालिम दिन, हामी यो समयलाई उनीहरूलाई शान्तिको मानिस कसरी फेला पार्ने भनेर सिकाउन पनि प्रयोग गर्न सक्छौँ । उनीहरूको गवाही बाँड्नुहोस् ख्रीष्टको कथामा सृष्टिको परिचय दिनुहोस् नयाँ DBS सुरु गर्नुहोस् समूह वा अन्य कुनै सुसमाचार प्रचार वा चेलापन सृष्टिकोण सुरु गर्नुहोस्। थोरै तालिम दिन यसलाई लागू गर्न र धेरै अभ्यास गर्न नबिर्सिनुहोस्।

**ख. परमेश्वरको बचन वा पाठपढे पछि वा सुनेपछि पाठ धर्मशास्त्र वा कथा अभ्यास गर्नुहोस् र दोहोर्याउनुहोस्,** सबैले आफ्नै शब्दमा कथा वा पाठ पढ्ने अभ्यास गर्नुहोस्। हामी चाहन्छौ कि उनीहरूले प्रश्नहरूसहित छलफल गर्नुअघि धर्मशास्त्रका बचनहरुबाट वास्तवमा सिकुन, धेरै समय निकालेर प्रत्येक व्यक्तिले कथा, पाठ वा धर्मशास्त्र सुन्ने अभ्यास गर्नुहोस्, ताकी सबैजना विश्वस्त र साझा गरिएको वा सुनेको सिकेको कुरा पुन: उत्पादन गर्न तयार होस्। यदि हामी चिजहरू पुनउत्पादन गर्न चाहनुहुन्छ भने हामीले जानकारीको मात्रा सीमित गर्नुपर्छ। उदाहरणका लागि, बाइबलका लामो कथाहरू धेरै हप्ताहरुमा गर्न सकिन्छ। प्रायः "कम नै उत्तम" वा "कम नै बढी" हुन्छ। प्रत्येक बैठकको लागि सिक्न, अभ्यास गर्न, अरूलाई हस्तान्तरण गर्न, एकपटकमा एउटा मात्र बाइबल कथा वा पाठ हुनु उत्तम हुन्छ।

**ग. पाठ, धर्मशास्त्र वा कथा छलफल गर्नुहोस्।** हामीले परमेश्वरलाई हेर्न र उहाँको बचनबाट सिक्न जारी राख्दा हामीले पहिलो दुई प्रश्नहरु छलफल गर्छौँ।

१) तपाईँले परमेश्वरको बारेमा के सिक्नुभयो?
२)तपाईँले मानिसहरूको बारेमा के सिक्नुभयो? यसले समूहलाई कथा वा खण्डहरू मौखिक रूपमा अवलोकन गर्न मद्दत गर्दछ।

माथिको चार्टमा दिएका चार प्रश्नहरूको सूची प्राय खोजमूलक बाइबल अध्ययनहरूमा प्रयोग गरिन्छ। यद्यपि तपाईँ आफ्नो सन्दर्भ/संस्कृतिको लागि कुन प्रश्नहरू उत्तम छन् भनेर निर्णय गर्न पनि सक्नुहुन्छ यसलाई स्वभाविक महसुस गराउन र सबैले प्रक्रिया पुन उत्पादन गर्न सकुन भनेर हरेक हप्ता उही प्रश्नहरूको प्रयोग गर्नुहोस्। हामी खण्डहरूसँग सम्बन्धित हरेक हप्ता फरक फरक प्रश्नहरूको प्रयोग गर्न सिफारिस गर्दैनौँ। यो नयाँ विश्वासीले चाँडै गर्न सक्ने कुरा होइन। तिनीहरूलाई थाहा हुँदैन कि कुन प्रश्नहरु सोध्नु राम्रो हो। त्यसैले तपाईँले नेतृत्व गरिरहनुपर्छ।



केही समूहहरूले वैकल्पिक प्रश्नहरू प्रयोग गर्छन् जस्तै: धर्मशास्त्रले के भन्छ ? यसको अर्थ के हो? म जवाफमा के दिन सक्छु? म कसलाई भन्न सक्छु ताकि अर्को समूहले सुरु गर्न सकून्? प्रश्नहरू पुनरूत्पादन गर्न सकिन्छ। हामी प्रश्नहरू प्रयोग गर्दा, हामी परमेश्वरको आत्मालाई उहाँको बचनमार्फत बोल्न विश्वास गर्छौं। परमेश्वरको वचनको बारेमा प्रश्नहरु सोधेर, हामी परमेशवरले के भनिरहनुभएको छ भन्ने कुरामा केन्द्रित रहन्छौँ।

प्रत्येक व्यक्तिलाई सोध्नुहोस् र प्रक्रियामा सबैलाई संलग्न गराउनुहोस छलफलका प्रश्नहरूको (प्रचारको सट्टा ) नेतृत्व गर्नु पनि आफैमा सुधारात्मक छ। यदि कसैले पाठसँग सम्बन्धित नभएको कुरा बाँड्छ भने, हामी केवल “बाँढ्नु भएकोमा धन्यवाद भन्छौं। हामीले कथामा त्यो कहाँ सुन्यौँ ?” याद गर्नुहोस् कि सबै धर्मशास्त्रहरू परमेश्वरबाट प्रेरित छ र सुधार गर्न र तालिम दिन र सिकाउनको लागि उपयोगी छ। २तिमोथी ३: १६- १७

येशूले भन्नुभयो, “ कि अगमवक्ताहरूको पुस्तकमा लेखिएको तिनीहरु सबै परमेश्वरद्वारा सिकाइनेछन्’। प्रत्येक जसले पिताबाट सुन्ने र सिक्ने सबै म कहाँ आउँछन्”। (यहून्ना ६: ४५) सम्झनुहोस् परमेश्वरको आत्मा र परमेश्वरको वचन उहाँको कामको लागि पर्याप्त छन् । केही संस्कृतिहरूमा तपाईँलाई सुरुमा कम प्रत्यक्ष प्रश्नहरु आवश्यक पर्न सक्छ केही मानिसहरू कथाको बारेमा तपाईँलाई के मनपर्छ? वा तपाईँलाई के मन पर्दैन वा बुझ्न गाह्रो लाग्छ? भनेर सुरु गर्न मन पराउँछन्। छलफललाई अगाडि बढाउन यी पनि राम्रा प्रश्नहरू हुन्।

यद्यपि समय छोटो छ भने तपाईँ सिधै परमेश्वरको बारेमा पहिलो प्रश्नमा जान सक्नुहुन्छ। प्रश्न सोध्दा सम्मान / लाज संस्कृति वा कसैको भाषा क्षमताप्रति संवेदनशील हुनुहोस्। कुनै पनि उत्तर गलत हुँदैन। कसैलाई सिद्धै सच्याउन आवश्यक छैन केवल स्पष्टिकरण बयान वा फलोअप प्रश्नहरु प्रयोग गर्नुहोस्। कसैलाई छलफलमा हावी हुन नदिनुहोस् खोजमा आधारित सिकाइ वा कार्यान्वयनमा सबै युवाले भाग लिन मिल्ने प्रश्नहरू सोध्नुहोस्। प्रश्नहरू सोध्नुहोस् र परमेश्वरको वचन आफै बोल्ने विश्वास गर्नुहोस्।



## ३. अगाडि हेर्नुहोस्।

**क) आज्ञाकारिताको चरणसँग सम्बन्धित खण्डको छलफल गर्न जारी राख्नुहोस्।**

अब अरूसँग प्रयोग गर्न र अरूसँग बाड्नेसँग सम्बन्धित अर्को दुई प्रश्नहरूमा जानुहोस्। यसबारे पनि छलफल गर्न समय निकाल्नुहोस्। यदि तपाईँसँग समय छ भने प्रत्येक व्यक्तिलाई प्रत्येक प्रश्नको उत्तर दिन लगाउनुहोस्। यदि यो ६ वा ८ जनाको ठूलो समूह हो भने तपाईँ प्रत्येकको कुरा सुन्न सक्षम नहुन सक्नुहुन्छ। कुनै पनि व्यक्तिलाई भेदभाव बिना भाग लिने र बाँड्ने मौका दिनु भन्ने कुरामा सुनिश्चित हुनुहोस्।

अर्को विकल्प भनेको विशेषगरी यी दुई प्रश्नहरूको साथ साथीहरूसँग कुराकानी गर्नु र यी दुई कुराहरुको बारेमा अझ स्पष्ट रूपमा समुहमा बाँड्नु हो।  यदि समूह धेरै ठूलो छ र प्रत्येक व्यक्तिलाई समय दिन कठिन भयो भने पनि, यसले सबैको आफ्नो विचार राख्न सजिलो हुन्छ। हामी सिफारिस गर्दैनौं कि समूहको आकार आठ जना भन्दा धेरैहोस्।

**ख) लक्ष्यहरू निर्धारण गर्नु:**

अब तपाईँ /हामीले कसरी आज्ञा पालन गर्नेछौँ ? भन्ने प्रश्नलाई अगाडि ल्याउने समय आएको छ। धेरै चेला बनाउनेहरूले व्यक्तिगत र समूह दुवै आवेदनको लागि प्रश्न राख्न मन पराउँछन्। सँगै परमेश्वरको आज्ञा पालन गर्नु "विश्वासीहरूको समूह" बन्ने भाग हो। हुनसक्छ समूहहरूले समुदायको फोहोर सफा गर्ने निर्णय सँगै गर्न सक्छन्, वा कसैले बिरामीलाई भेट्ने र उसको लागि खाना बनाएर लैजाने निर्णय गर्न सक्छन्।

येशूले हामीलाई उहाँको आज्ञापालन गर्न चेलाहरु बनाउने कुरा भन्नुभएको थियो। (मत्ती २८: १८-२० )

येशूलाई पक्षाउने (आज्ञाकारिता/सेवा) र मानिसहरूलाई सुनाउने/प्रशिक्षण) । “तपाईँ कोसँग बाड्नुहुन्छ”? वा “कसलाई तालिम दिनुहुन्छ”? भन्ने प्रश्नको उत्तर सबैबाट लिनुहोस्। आफ्नो समूहलाई उनीहरूको “हराएको र सुरक्षित गरिएको” सूचीको बारेमा पनि सम्झाउनुहोस्। नियमित रूपमा आत्मिक लक्ष्यहरू निर्धारण गर्ने र मैत्रीपूर्ण जवाफदेहिताले आज्ञाकारितामा आधारित चेला बनाउने डियनएको विकास गर्छ। सुरुमा यो सोभाविक नलाग्न सक्छ तर चेला बनाउने अभियानलाई उत्प्रेरित गर्ने विश्वासी र फलदायी चेला बनाउने बन्न अत्यन्तै आवश्यक छ।

तपाईँको सन्दर्भको आधारमा अर्को बैठकको योजना स्पष्ट पार्नुहोस् कहिले, कहाँ, को को सहभागि हुने र के गर्ने  कसरी गर्ने आदि आदि कुराहरु निर्धारण गर्नुहोस।

**ग) प्रार्थना गर्नुहोस् र पठाउनुहोस् :**
लक्ष्यहरू निर्धारित भएपछि यदि सांस्कृतिक रूपमा उपयुक्त छ भने एकअर्कामाथि हात राख्नुहोस्।। तपाईँले प्रतिवद्ध गर्नुभएका कामहरू गर्न परमेश्वरको आत्माको सशक्तिकरणको लागि प्रार्थना गर्नुहोस्। यदि यो खोजी गर्नेहरूको समूह हो भने बैठक समाप्त गर्नु अघि तपाईँ अझै पनि तिनीहरूलाई आशिष दिन सक्नुहुन्छ। यदि विश्वासीहरूको समूह हो भने, प्रार्थनामा एक अर्कालाई निर्देशन गर्दै प्रेमपुर्वक सेवा गर्न, आज्ञापालन गर्न , शान्तिको व्यक्ति खोज्न, तालिम दिन, नयाँ समूहहरू सुरु गर्न, र परमेश्वरको अनुग्रह र उहाँको महिमाको लागि विश्वासयोग्य/फलदायी चेला बनाउने चेला बन्नको लागि।



## यस प्रकारको निर्माता बैठकलाई सहजीकरण र नेतृत्व गर्ने बारे पुनरावलोकन र सुझावहरू।

### १) सबै सहभागी हुने सुनिश्चित गर्नुहोस्।

आराधनाको समयको नेतृत्व गर्ने वा छलफलका प्रश्नहरू सोध्ने जस्ता जिम्मेवारीहरू सुम्पनु होस्। कथा पाठ वा धर्मशास्त्रको पुन दोहोर्याउन र छलफलमा सबैलाई संलग्न गर्नुहोस्। यदि पाहुनाहरु, खोज्नेहरु वा बालबालिकाहरू छन् भने तिनीहरूलाई छलफल र कार्यान्वयनमा समावेश गर्ने प्रयास गर्नुहोस्।

### २) प्रत्येक व्यक्तिको उत्तर पुष्टि गर्नुहोस्।

खोजमूलक सिकाइलाई सहज बनाउन र प्रयोगको विशिष्ट चरण स्पष्ट पार्न, छलफललाई मार्गदर्शन गर्न, मद्दत गर्न, सच्याउने प्रतिक्रिया कथनहरू प्रयोग गर्ने वा अनुगमन प्रश्नहरू प्रयोग गर्ने काम नगर्नुहोस्।

### ३) पाठ वा कथाहरूको अभ्यास गर्नुहोस्।

सबैजना विश्वस्त छन् र अरूसँग बाँड्न तयार छन् भन्ने सुनिश्चित गर्नुहोस्, पुन भन्नको लागि समय निकाल्नुहोस् ,कथा, धर्मशास्त्र, वा पाठ दोहोऱ्याउनुहोस् र अभ्यास गर्नुहोस्।


### ४) स्पष्ट कार्य कदम (वा S.M.A.R.T. लक्ष्यहरू ) बनाउनुहोस् र अर्को बैठकमा तिनीहरूको बारेमा सोध्न नबिर्सिनुहोस्।

मैत्रीपूर्ण जवाफदेहितालाई प्रोत्साहन गर्नुहोस् । पछ्याउने र माछा पक्रने दुवैको लागि समूहप्रति आफूलाई जवाफदेही बनाउनुहोस् । जब तपाईँ आफ्नै आत्मिक लक्ष्यहरू पूरा गर्न सक्षम हुनुहुन्न तब नम्रता र खुल्ला पनको उदाहरण बनाउनुहोस् प्रार्थना र मद्दतको लागी भन्नुहोस्।

*** स्पष्ट लक्ष्य:** विशिष्ट, मापनयोग्य, प्राप्त गर्न सकिने, खुला, समय सापेक्ष, हाम्रा लक्ष्यहरू जति योग्य हुन्छन् ,हामीले ती कुरा गरेका छौ वा छैनौँ,त्यसलाई प्रमुख बनाउन त्यति नै सजिलो हुन्छ। चेलाहरूलाई सकेसम्म विशिष्ट हुन तालिम दिनुहोस् यदि कसैले भन्छ ,”म मेरो छिमेकीहरुलाई माया गर्नेछु”। अर्को प्रश्न सोध्नुहोस्, “तपाईँ आफ्नो छिमेकीलाई कसरी विशेष रूपमा प्रेम गर्नुहुन्छ”? वा “के त्यहाँ केही विशेष छ जसलाई तपाईँले यस हप्ता प्रेम देखाउन सक्नुहुन्छर र तपाईँले उसलाई कसरी प्रेम देखाउनुहुनेछ?” विशिष्ट आत्मिक लक्ष्यहरूतर्फ उनीहरूलाई नमुनीत, सहयोग, प्रशिक्षक, र तालिम दिनुहोस्।

### ५ जानुहोस् सुरु गर्नुहोस्!

कुनै पनि प्रश्न सोध्न कुनै पनि प्रार्थनाको आवश्यकता बाँड्न वा थप स्रोतहरू प्रशिक्षण वा तालिमको लागि सोध्न न हिचकिचाउनुहोस्।
(२ तिमोथी २:२) आफू पनि चेला भई चेला बनाउने काममा प्रभुले तपाईँलाई आशिष दिनुहुन्छ।




**कार्यका कदमहरू:**
१) आफ्नो समूहसँग मिलेर
३ भागको चेला बनाउने बैठक अभ्यास गर्नुहोस्।
कुनै पनि चरण नछोड्ने कुरामा सुनिश्चित गर्नुहोस्।

# पाठ ३
# तपाईँको चेला बनाउने तीन भाग बैठकमा कसरी दर्शन प्रस्तुत गर्ने।




के तपाईँले कहिल्यै रेडियोमा विज्ञापनको जिँगल सुन्नुभएको छ, र त्यसपछि आफैले त्यसलाई सँग सँगै गाउनु भएको छ? आकर्षक धुनहरूले हाम्रो दिमागमा छाप छोड्छन विज्ञापनदाताहरूलाई दोहोरिने र सरलताको शक्तिबारे थाहा छ। हामी चेलाहरूलाई चेला बनाउने बन्न प्रेरित गर्ने काम गर्दा हामीले दोहोरिने शक्ति प्रयोग गरेर उनीहरूलाई कार्य गर्न प्रभाव पार्नु पर्छ।

येशूलाई पनि गरिघरी दोहोऱ्याउनुको शक्तिबारे थाहा थियो । उहाँले महत्त्वपूर्ण अवधारणा बारम्बार दोहोऱ्याउनुभयो। उदाहरणको लागि लुका १५ लाई लिनुहोस्। उहाँले हराएकाहरू सम्म पुग्नको महत्वको बारेमा एक होइन, दुई होइन, तर तीनवटा दृष्ठान्तहरू बताउनुभएको छ।

उहाँ आफ्ना चेलाहरूलाई दर्शन दिँदै हुनुहुन्थ्यो, चाहनुहुन्थ्यो कि उनीहरु उहाँको लागि सबैभन्दा महत्वपूर्ण कुराहरूमा संलग्न होउन्। चेला बनाउने र प्रशिक्षकको रूपमा हामीले पनि त्यस्तै गर्नुपर्छ। मैले ३ भागको चेला बनाउने बैठकको शक्तिबारे उल्लेख गरेको छु। बैठकको पहिलो खण्डमा, मैत्रीपूर्ण जवाफदेहिता समयपछि, दर्शन प्रस्तुत । दर्शन प्रस्तुति भनेको यही हो। हराएको (सुसमाचार पुग्न नसकेको) हरुलाई ल्याउन तपाईंले छोटो कथा, उदाहरण वा धर्मशास्त्र प्रयोग गर्नु सक्नुहुन्छ।

**समूहमा हुनुभन्दा अगाडि । तपाईंले हरेक हप्ता मिसन र सुसमाचार प्रचारको ज्वालालाई प्रज्वलित गर्न चाहनुहुन्छ। यसो गर्दा, यो अनवरत उत्साहमा परिणत हुन्छ... एउटा यस्तो आगो जुन निभाउन सकिँदैन।**



**सी. एन्डरसन**
**गवाही**



हिजो मैले हाम्रो ३ भागको बैठकको नेतृत्व गरे हाम्रो मैत्रीपूर्ण जवाफदेहिताको समयपछि मैले केही दिन अघिको एउटा छोटो व्यक्तिगत कथा सुनाए। तपाईँहरूमध्ये धेरैलाई थाहा छ म हाल थाइल्याण्डमा बस्छु र थाइ क्यालेन्डरमा हामीले भर्खरै नयाँ वर्ष सुरु गरेका थियौ। केही दिनअघि म हाम्रो समुदायमा ज्येष्ठ नागरिकहरूलाई सम्मान गर्न आयोजित परम्परागत समारोहमा उपस्थित भएको थिए। यो कार्यक्रम हरेक वर्ष नयाँ वर्ष वरिपरी हुने गर्दछ।

टेबलमा बसिरहनुभएको जेष्ठ नागरिकहरूको लामो लाइन पार गर्दै जाँदा मैले प्रत्येकलाई अभिवादन गरे र उनीहरूको नयाँ वर्षको शुभकामना ग्रहण गरे। तर मैले यो गरिरहँदा मेरो हृदयमा एउटा प्रश्न खेलिरहेको थियो। “यी बहुमूल्य मानिसहरू मध्ये कति जनाले कहिलै सुसमाचा,र एकपटक मात्र भएपनि सुनेका छन् होला ?”

यो प्रश्नले मलाई साँच्चै छोयो यदि मैले मेरा वरपरका मानिसहरूसँग बाँडिन भने तिनीहरू अनन्तकालसम्म जान सक्दैनन्। र मुक्ति प्राप्त गर्ने वास्तविक अवसर कहिले पाउन सक्दैनन्। त्यो विचारले मलाई गहीरो रुपमा प्रेरीत गर्‍यो ।

मैले यो कुरा मेरो समूहसँग बाँडे किनभने म तिनीहरूलाई चुनौती दिन चाहन्थे। मैले तिनीहरूलाई यो कुरा विचार गर्न भने: “आज तपाईँले कति जना मानिसहरुलाई भेट्नु हुनेछ जसले सुसमाचार कहिल्यै सुनेका छैनन्?”

यो कथा सुनाउन केही मिनेटमात्र लाग्यो । तर म हराएको मान्छेसम्म पुग्न हाम्रो जिम्मेवारीको आगोलाई प्रज्वलित गर्ने बारेमा विश्वस्त थिँए। दर्शन प्रस्तुति भनेको यही हो।

अन्तमा हितोपदेश २९:१८ले भन्छ, “जहाँ दर्शन र प्रकाश छैन त्यहाँ मानिसहरू भाडिन्छन् तर त्यो मानिस धन्य हो जसले व्यवस्था पालन गर्छ”।

**दर्शन बाड्ने तीन तरिकाहरु।**

हराएकाहरूका लागि दर्शन प्रदान गर्ने धेरै तरिकाहरू छन् आफ्नो रचनात्मक प्रयोग गर्नुहोस्! निम्न ३ तरिकाहरूमा सीमित नहुनुहोस्। पवित्र आत्मालाई मार्गदर्शन गर्न र यो कसरी गर्ने भनेर सोध्नुहोस् । यद्यपि यी तिन तरिकाहरूले तपाईँलाई सुरु गर्न मद्दत गर्नेछ

**१ व्यक्तिगत कथा**
गत हप्ता मेरो अनुभवको बारेमा मैले माथि दिएको उदाहरणले यसलाई प्रष्ट पार्छ ।यहाँ अर्को व्यक्तिगत कथा छ जुन म प्राय प्रयोग गर्ने गर्छु।

“जब म उच्च माध्यमिक विद्यालयमा थिए मेरा धेरै राम्रा दुई साथीहरू थिए उनीहरूको नाम म्यागी र क्रिस थियो हामी सबै एउटै फ्रान्सेली कक्षामा थियौँ र सँगै धेरै कुराहरू गर्थेउ। तिनीहरू ख्रीष्टियान थिएनन्  यद्यपि म उनीहरूलाई येशूको बारेमा सिकाउन चाहन्थे, तर मलाई लाज लाग्थ्यो, मलाई डर थियो कि तिनीहरूले मलाई अस्वीकार गर्नेछन् वा मेरो खिल्लि उडाउने छन्।

त्यसपछि एकरात मैले सपना देखेँ। सपनामा मैले उनीहरूलाई नर्कमा देखे उनीहरूको वरिपरि आगो थियो र उनीहरू पीडामा थिए उनीहरुले मलाई देख्न सक्थे र उनीहरु कराएर उनीहरुले भने। ‘तिमीले हामीलाई किन येशूको बारेमा भनेनौ? हामीले उहाँलाई सुनेर स्वीकार गर्ने थियौ, बरु तिमीले हामीलाई नर्कमा जान दियौ। तिमी कसरी भन्न सक्छौ कि तिमी साँच्चै हाम्रो साथी हौ?

मैले सपनामा उनीहरूलाई यसरी जवाफ दिए, ‘मलाई डर थियो कि यदि मैले आत्मिक कुराको बारेमा कुरा गरे भने तिमीहरूले मलाई मन पराउँदैनौ। मलाई लाग्यो तिमीहरू केवल रमाइलो गर्न चाहन्छौ। म तिमीहरूको अस्वीकृतिबाट डराएको थिए।

मेरो साथीहरूले मलाई जवाफ दिए, ‘तिमीले हामीलाई यति थोरै माया कसरी गर्न सक्छौ! यदि हामीले तिमीलाई अस्वीकार गरेको भए त्यो हाम्रो छनौट हुने थियो। तर कम्तिमा हामीले त्यो निर्णय गर्ने मौका त पाउँथ्यौँ।

त्यसपछि म मेरो सपनाबाट ब्युझिए र भोलिपल्टै मैले मेरो गवाही र विश्वासको बारेमा तिनीहरूसँग बाँडे”

यो सानो कथा सुनाएपछि मैले प्रश्न सोधे हामी प्रत्यकको बारेमा के हुन्छर? हाम्रा कति साथीहरू छन् जसले

कहिल्यै सुसमाचार सुन्ने मौका पाएका छैनन्। तिनीहरूले यसलाई अस्वीकार गर्न सक्छन् तर कम्तिमा उनीहरूसँग मौका थियो र हामीले हाम्रो भूमिका निर्वाह गरेका हुन्छौँ।

**२ धर्मशास्त्र**

३ भागको बैठकको छोटो दर्शन प्रस्तुती भागमा धर्मशास्त्रका धेरै पदहरू प्रयोग गर्न सकिन्छ। उदाहरणका लागि तपाईँ रोमी १० :१४- १५प्रयोग गर्न सक्नुहुन्छ। अनुच्छेद पढ्नुहोस् र प्रश्न सोध्नुहोस्। यस पदले हाम्रो लागि यहाँ के अर्थ राख्छ? त्यसपछि यदि हामीले येशूको बारेमा उनीहरूलाई बताएनौ भने कति धेरै मानिसहरूले कसरी कहिले सुसमाचार सुन्ने छैनन् भन्ने बारेमा छोटो चुनौती दिनुहोस्।

अर्को उदाहरणको रूपमा तपाईँले हराएको शिक्का ,भेडा र हराएको छोराको बारेमा लुका १५ अध्यनका कथाहरूलाई उल्लेख गर्न सक्नुहुन्छ।

**३ ऐतिहासिक कथा**

बैठकमा दर्शन प्रस्तुती अर्को राम्रो तरिका भनेको ३ मिनेटको छोटो कथा सुनाउनु हो। यो एक ऐतिहासिक व्यक्तित्वको कथा हो जसले हराएकाहरूमा प्रभाव पारेको थियो।

उदाहरणको लागि, म्यानमारका मिनरी एडोनिराम जर्सनको जीवनको बारेमा तपाईँ थोरै बताउन सक्नुहुन्छ। उहाँले कहिले सुसमाचार नपाएकाहरूलाई सुसमाचार सुनाउन कसरी सबै कुरा त्याग्नुभएको थियो भन्ने कुरा महसुस गर्नुहोस्। उहाँको जीवनकालमा सतावट यति धेरै थियो कि त्यसबेला जिवित भन्दा पनि येशूलाई पछ्याउनेहरु धेरै मरे । उहाँले त्यस क्षेत्रका हराएकाहरूसम्म पुग्ने आफ्नो ठूलो जोसको कारण अगाडि बढ्न जारी राख्नुभयो।आज लाखौँ बर्मेली ख्रीष्टयानहरू छन् जसले आफ्नो आत्मिक जरा उनको साक्षीमा खोज्छन्। त्यसपछि समूहलाई सोध्नुहोस्, “के हामी पनि सुसमाचार बाँड्न आवश्यक त्यागहरु गर्न तयार छौं”?

जोशको लडाईँलाई प्रेरित गर्नुहोस्

याद राख्नुहोस्, यो धेरै लामो हुनु आवश्यक छैन विश्वासीहरू भित्र हराएकाहरूको लागि जोशको आगोलाई निरन्तर बल दिँदा फल मिल्नेछ। तिनीहरूले इमान्दार मानिसहरूको आवश्यकताको बारेमा हरेक हप्ता सुन्नेछन् र अरूसम्म पुराउन बढी सक्रिय हुनेछन्।

एकछिन समय निकाल्नुहोस् र तपाईँको अर्को बैठकमा तपाईँले दर्शन देख्न सक्ने दुई तरिकाहरू लेख्नुहोस्।

तपाईँले चेला बनाउने तालिम दिइरहनुभएका व्यक्तिहरूसँग यसलाई तपाईँको बैठकको एक सामान्य भागको रूपमा प्रयोग गर्न योजना बनाउनुहोस्।

३ भागभित्र दर्शन प्रस्तुतीको लागि तपाईँसँग अरु केही विचारहरू छन्? के तपाईँले गर्नुभएका कुनै रचनात्मक कामहरु छन् जुन तपाईं अरूसँग बाँड्न चाहनुहुन्छ?जुन हामी तपाईँबाट सुन्न चाहन्छौ। कृपया हामीलाई कमेन्टहरूमा वा मिसन फेसबुक समूहबाट डीएमएममा वा चेला बनाउने व्हाट्सएपको समूहमा तिनीहरूको बारेमा थाहा दिनुहोस्।

**कार्य कदमहरू:**

**१ डिएमएमको लागि दर्शन प्रतुत गर्न सक्ने दुई तीन वटा रचनात्मक तरिकाहरू लिएर आउनुहोस्।**

**२ आफ्नो समूहसँग अभ्यास गर्नुहोस् र यो स्पष्ट र प्रेरणादायी छ भनी सुनिश्चित गर्न प्रतिक्रिया दिनुहोस्।**



# पाठ ४
# ३ भागको चेला बनाउने बैठकमा प्रयोग गर्ने बाइबलका पदहरुको संग्रहहरु हेर्नुहोस।

## २१ वटा चेलापन अध्ययन ६५४ -३२१

### चेला बनाउने चेलाहरू

मानिसहरूलाई भेला गर्न ३ भागको ढाँचा प्रयोग गर्नुहोस्। यो सहभागिताले नेतृत्व गर्न वा भेला गर्न र सिक्न सजिलो छ भनेर हेर्न आवश्यक छ। केही सहभागीले पहिला नै बप्तिस्मा लिएका हुन सक्छन्। केहीले अझै बप्तिस्मा लिएका छैनन्। कतिपयले अझै येशूलाई विश्वास नगरेका हुन सक्छन् । त्यसैले प्राय मानिसहरूलाई विश्वास गर्ने र ख्रीष्टलाई पछ्याउन र बप्तिसमा लिन निर्णय गर्ने अवसर दिनुहोस्।

नयाँ भेटघाटहरू सुरु गर्ने र प्रत्येक अध्ययन खण्डमा उनीहरुले सिकेका कुराहरू अरूलाई हस्तान्तरण गर्ने- मानिसहरूलाई चेला बनाउने र बनाउनुको महत्त्वलाई नियमित रूपमा जोड दिनुहोस्।

**धर्मशास्त्रका बचनहरु बुझ्न, लागू गर्न र पालन गर्न मद्दत गर्ने प्रश्नहरूको प्रयोग गर्नुहोस् ।**
**सहजकर्ता /अगुवाहरूको लागि नोट**

**याद राख्नुहोस्**
- तपाईंले नै सबै कुरा बोलिरहनु आवश्यक हुँदैन।
- पवित्र आत्माले मानिसहरूको हृदयमा काम गर्नुहुनेछ भन्ने कुरामा विश्वास गर्नुहोस्।
- प्रश्न सोध्नुहोस् र त्यसपछि उनीहरूलाई कुरा गर्न र अन्तरक्रिया गर्न दिनुहोस्
- त्यसपछि, यदि तपाईंलाई लाग्छ कि उनीहरूले केही छुट्याएका छन् भने तपाईंले उनीहरूले भनेको कुरामा के छुटाएका छन् त्यो थप्न सक्नुहुन्छ।

**सोध्नु पर्ने प्रश्नहरू**
- यो खण्ड के बारेमा हो र यस खण्डबाट हामीले के सिक्न सक्छौं?
- हामीले यसलाई हाम्रो जीवनमा कसरी लागू गर्नुपर्छ र पालना गर्नुपर्छ?
- म यी कुराहरू कसलाई भन्न सक्छु?

| | विषय | बाइबलका खण्डहरु | थप अध्ययन र प्रयोगको लागि |
|---|---|---|---|
| 1 | परमेश्वर को हुनुहुन्छ? | संसारको सृजना उत्पत्ति १: १-२५<br>मानिसहरूको सृजना २: ४ - २४<br>पाप र न्याय उत्पत्ति 3 | भजनसङ्ग्रह १४५ र १४६ |
| 2 | येशू किन आउनुभयो? | मत्ती १: २०- २१ ४: १७ - २५<br>मत्ती १५: १०-२० | कलस्सी १: १५- १७, हिब्रु १: १-४,<br>हिब्रु २: १४-१७<br>१ यहुन्ना 3: ८, मत्ती१८: ११-१४,<br>मर्कुस १: १४-१५<br>मर्कुस २: १-१२, लूका १५: १-१०,<br>लूका १९:१ -१० |
| 3 | पश्चाताप गर्नु, विश्वास गर्नु, र बप्तिस्मा लिनु | प्रेरित २: २२-४१ | मर्कुस १: १४-१५, प्रेरित ८ :3७-3८,<br>१६ :१४-१५, १८ :५-११ |
| 4 | नयाँ जीवन- म को हुँ? | यहुन्ना 3: १-२१ | १ पत्रुस २:१- १०, २ कोरन्थी ५ :१७-<br>१८, रोमी८: ९- १७ |
| 5 | पवित्र आत्मा | प्रेरित १०: 3४-४८<br>यहुन्ना १४: २५ | प्रेरित २: १-१3, १४ :५२ ,१९ :१-७,<br>यहुन्ना १६: ७ - ११ एफिसी ४: 30 ,<br>५: १८ |

| | | | |
|---|---|---|---|
| 6 | परमेश्वरलाई प्रेम गर्नुहोस् मानिसहरूलाई प्रेम गर्नुहोस् | मत्ती२२: ३४- ४०, यहून्ना १३ :३४-३५ | लूका १० :२५ -३७, १कोरिन्थी १३, १पत्रुस १ :२२ -२३२ महान आज्ञाहरू: मोसाको व्यवस्थाबाठ आएका हुन् व्यवस्था ६: ५ ,लेवी १९: १८ |
| 7 | क्षमा दिनुहोस् | मत्ती १८: २१ -३५, एफिसी ४: ३१- ३२ | लूका ६ :२७- ३६, १७: १- ४ ,मत्ती ६ :१४ -१५, १८ :२१- २२, रोमी १२: १७-२१ ,कलस्सी 3:१३ पवित्र आत्माले अब हामीलाई क्षमा दिने र प्रेम गर्ने शक्ति दिनुहुन्छ। |
| 8 | प्रार्थना र दैनिक बाइबल प्रयोग गर्नुहोस् | मत्ती ६: ५ - १५, मत्ती ७: २४- २७ | लूका ११: १- १३ , मत्ती ७ :७ -११ |
| 9 | भेला भएर उत्सव मनाउनुहोस् | प्रेरित २: ४० -४७ | प्रेरित५: ४२, प्रेरित२०: २०, रोमी १६:3-५, १० ,११, १६ १कोरिन्थी १६१९ कलस्सी ४ १५ १६ फिलिप्पी १ २ हिब्रु १०:२४ भजनसङ्ग्रह १४७ ,१४८ |
| 10 | पापबाठ शुद्ध रहनुहोस् | मत्ती १५: १- २० | मत्ती ५: १७-४२, १यहून्ना १: ८-१०, तितस 3: ४ - ६ |
| 11 | सुसमाचार फैलाउनुहोस् र चेला बनाउनुहोस् | मत्ती २८: १८ - २०, प्रेरित १3: ४८-४९ | २तिमोथी २: २, मत्ति२४:१४ यहून्ना ४ :७ -४२ |
| 12 | विश्वासी रहनुहोस् | प्रेरित ४: १- ३१ | मत्ती ५:१०-१६, मत्ती ५:३८-४८ १ पत्रुस ४:१२-१९ १ थेसलोनिकी 3:१-१३ |
| 13 | लिने र बाँड्नुहोस् | मर्कुस १२: ४१ - ४४, लूका ६: ३७ -३८ | मत्ती ६:१-४, मत्ती ६:१९-२४ प्रेरित ४:३२-३७, २ कोरिन्थी ९:६-७ |
| 14 | येशुको विजयको उत्सव मनाउनुहोस् | लूका २२: १४- २०, यहून्ना ४ :१९- २६ | मत्ती२६: २६- ३५, १कोरिन्थी ११ :२०- ३० |
| 15 | भुत आत्मा र रोगमाथि येशूको अधिकार | मत्ती ८ :२३- ३४ , ९ :१ - ८ , १०: १ | मत्ती ४: १ -११, मत्ती ९: १- ८, १०: १, मर्कुस १: २१- ३९, प्रेरित८: ५- ८ , १६: १६- १९ |
| 16 | आशा मृत्युमाथिको शक्ति | यहून्ना ११: १- ४४ | १थेसलोनीकी ४: १३- १८, ५: १ -११, १ कोरिन्थी १५ १२ -५८ |
| 17 | पुरानो तरिका त्याग्नुहोस् | एफिसी ४: १७- ३२ | प्रेरित १९: १८- २०, एफिसी ५: १- २१, १ पत्रुस १: १३- २५ |
| 18 | येशूका सबै आज्ञहरू पालन गर्नुहोस् | १ यहून्ना ५: १- ५ | मत्ती २८: २० येशूका आज्ञहरु अरुलाई सिकाउनुपर्छ र तिनीहरुले प्रेमको फल फलाउछन् |
| 19 | अन्य स्थानहरुको लागि दर्शन | मत्ती ४: १७-२५ | प्रेरित १3:१- ५ , यहून्ना ४: ३५ , मत्ती २४: १४ |
| 20 | येशूका अनुयायीहरूको नयाँ समूह सुरु गर्नुहोस् | प्रेरित १६: ६- १५ | फिलिप्पी १: ३- ५, प्रेरित १६: ६-१५ सम्मका विश्वासीहरु |
| 21 | येशूलाई पछ्याउनेहरूको सञ्जाल | प्रेरित १४: २१- २८ | प्रेरित २० :१७- ३८ |

# सृष्टि देखि ख्रीष्टसम्म २६ कथाहरू

**संसारको सृष्टि**

१ संसारको सृष्टि – उत्पत्ति १: १-२ : ३
२ मानिसको सृष्टि – उत्पत्ति२ : ४- २५ पापको कथा मानिसको अनाज्ञाकारीता
३ सबैभन्दा सुरूको पाप र न्याय  उत्पत्ति ३: १ -२४
४ आदम र हब्बाका सन्तानमा पापहरू फैलिएका – उत्पत्ति ४ :१- १६
५ सारा संसारमा पाप फैलिन्छ– उत्पत्ति ६: ११- २२, ७: ११- २३, ८: १४- २२

**उद्धारको कथा**

पापको मूल्य र क्षमाको प्रतिज्ञा
६ परमेश्वरले अब्राहमसँग गर्नुभएको प्रतिज्ञा– उत्पत्ति १२: १ -९ , १५: १- ६
७ परमेश्वरले इसाहको साटोमा बलिदान थुमा प्रदान गर्नुभएको– उत्पत्ति २२: १- १९
८ अब्राहमका सन्तानहरुलाई दासत्वमा राखियो त्यसपछि परमेश्वरले मोसालाई मुक्तिदाताको रूपमा छान्नुभयो। प्रस्थान १: १ -१४, ३: १ -१४
९ निस्तार चाड – रगत र थुमा प्रस्थान १२: १ -२८
१० परमेश्वरले आफ्नो १० आज्ञाहरू दिनुभयो र व्यवस्था तोडिएकोमा बलिदान दिनुभयो। प्रस्थान २०: १- २१
११ परमेश्वरका मानिसहरूले निरन्तर पाप गर्छन्। न्यायकर्ता २: १०- २३
१२ परमेश्वरले एक उदारकर्ता पठाउनुहुनेछ। यशैया ९: १- ७ र ५३

**येशू मुक्तिको प्रतिज्ञा पुरा गर्न आउनुभयो।**

१३ भविष्यवाणी अनुसार येशू ख्रीष्टको जन्म – मत्ती १: १ -२५
१४ येशूको  बप्तिसमा- हेर परमेश्वरको थुमा- यूहन्ना र पवित्र आत्माको गवाही मत्ती ३ यहून्ना १: २९- ३४
१५  ख्रीष्टको परीक्षा मत्ती ४:१-११
१६ येशूसँग पाप क्षमाको अधिकार छ - पक्षघात भएको मानिस र चार साथीहरू लूका ५ : १७ -२६
१७ प्रकृतिमाथि येशूको शक्ति छ। मर्कुस ४: ३५-४१
१८ येशूसँग हरेक आत्मामाथि अधिकार छ गेरसेनसको झिलमा दुष्टात्मा मर्कुस ५: १ -२०
१९ येशूसँग मृत्युमाथि शक्ति छ। येशूले लाजरसलाई बौरी उठाउनुभयो। यहून्ना ११ : १- ४५
२० यशूनै मुक्तिदाता हुनुहुन्छ जसले अनन्त जीवन दिनुहुन्छ। यहून्ना ४: १- २६ , ३९:४२

**प्रतिज्ञा पूरा भएको**

२१ अन्तिम भोज यो मेरो टुक्रिएको शरीर र     तिमीहरूको लागि बगाएको रगत हो । मत्ती २६: १८
२२ येशूलाई धोका दिइएको झुटो आरोपमा पक्राउ गरिएको र मुद्धा चलाएको मृत्युदण्डको सजाय सुनाइएको। यहून्ना १८: १ -१९
२३ येशूको विरुद्धमा क्रुसमा टाँग्ने निर्णय गरियो। सबै सिद्धियो र पुरा भयो । यहून्ना १९: १६- ४२
२४ पूनरुत्थान र चेलाहरुकहाँ उपस्थिति लूका २४: १- ३५
२५ येशू स्वर्गारोहण हुनुभयो र पिताकहाँ फर्कनुभयो। लूका २४: ३६- ५३
२६ हाम्रो प्रतीक्रिया र नयाँ जन्म। यहून्ना ३: १ -२१ प्रेरित २: ३६- ४१ यहून्ना ११: २५-२६

## बौद्ध धर्मको लागि स्थापित कथा

# बौद्ध पृष्ठभूमिमा विश्वासीहरू खोजि गर्नेहरूका लागि सेट गरिएको डिबिएसको कथा

## येशूलाई ख्रीष्टको रूपमा परिचय गराउन (१७ वटा कथाहरू)

| कथा | सन्दर्भ |
|---|---|
| ख्रीष्टको आश्चर्यपूर्ण जन्म | लूका २: १ -१९ (यो लामो अंश हो त्यसैले यसलाई एकपटक पढ्न सुझाव दिनुहोस् अनि कथा सुनाउनुहोस् र सिक्नुहोस् ता कि यो धेरै लामो नहोस्।) |
| युवा अवस्थामा ख्रीष्टले मन्दिरमा धार्मिक अगुवाहरूलाई शिक्षा दिँदै। | लूका २: ४१ -५२ |
| ख्रीष्टको बप्तिस्मा | मत्ती ३: १३- १७ |
| सैतानको परीक्षामाथि ख्रीष्टको विजय | मत्ती ४: १- ११ |
| ख्रीष्टको निको पार्ने शक्ति | लूका १७: ११- १९ |
| ख्रीष्टले पापी परिवारलाई क्षमा गर्नुहुन्छ | लूका १९ : १ - १० |
| सारा पृथ्वी माथि ख्रीष्टको शक्ति | लूका ८: २६- ३९ |
| ख्रीष्टको करुणा र प्रेम | लूका १० : २५ - ३७ |
| ख्रीष्टले आफ्नो बारेमा कुरा गर्नुहुन्छ | यहुन्ना १४: १- ९ |
| आज्ञाकारिताको बारेमा ख्रीष्टको शिक्षा। | मत्ती ७: २४- २९ |
| ख्रीष्टले पछ्याउन र माछामार्न विश्वासमा नयाँ व्यक्ति ल्याउन आह्वान गर्नुहुन्छ। | लुका ५: १ -११ |
| येशूले ५००० लाई खुवाउनुहुन्छ | यहून्ना १६: १- १५ |
| ख्रीष्टले चेलाहरुलाई तालिम दिनुहुन्छ र प्रचारमा पठाउनुहुन्छ। | लूका १०: १- ११ |
| येशूको मृत्यु | लूका २३: १- ५६ |
| येशूको पूनरुत्थान | लूका २४: १- ८ |
| येशूको स्वर्गारोहण र महान् आज्ञा | लुका २८: १६-२० |
| येशू स्वर्ग (निर्वाण) का राजा हुनुहुन्छ। | प्रकाश २१: ९ -२२ |

**बाइबलको सारांशको परिचय — परमेश्वर को हुनुहुन्छ...**
(यीमध्ये केही लामा कथाहरू छन् र कथा सुनाउने व्यक्तिले तिनीहरूलाई पढ्नुको सट्टा सिक्नु र मौखिक रूपमा भन्नु उत्तम हुनसक्छ। वा तपाईँ तिनीहरूलाई सिक्न र छलफल गर्न धेरै खण्डहरूमा विभाजन गर्न सक्नुहुन्छ।)  २२ वटा कथाहरु

| कथा | सन्दर्भ |
|---|---|
| सृष्टि, पाप र दुःखको उत्पत्तिको कथा | उत्पत्ति १:३ (पढ्नुको सट्टा कथा भन्नु राम्रो हुन्छ गुणात्मक बृद्धि गर्न परमेश्वरको आज्ञापालनलाई जोड दिनुहोस्।) |
| पहिलो डाहा र हत्याको कथा | उत्पत्ति ४: १ - १६ |
| जलप्रलयको कथा (धेरै कथाहरूमा विभाजित गर्नुहोस्) | उत्पत्ति ६: ९- २२, उत्पत्ति७: १- २४, उत्पत्ति८: १ -२२ |
| राष्ट्रहरूको कथा | उत्पत्ति ११: १- ९ (गुणात्मक बृद्धि गर्ने उहाँको आदेश र तिनीहरूको अस्वीकारलाई जोड दिनुहोस्।) |
| अब्राहमको बोलावटको कथा | उत्पत्ति१२: १- ५ |
| मोसाको कथा (फेरी पनि धेरै कथाहरूमा विभाजित गर्नुहोस्) | प्रस्थान२ १: १०, प्रस्थान २: ११- १५, प्रस्थान ३: १- १६ |
| १० विपत्तिहरूको कथा (२ कथाहरूमा संक्षेप गर्नुहोस्) | प्रस्थान ७ -१०, प्रस्थान११: १ -९, १२: २१ - २३, २९- ३२, ५० - ५१ |
| लालसमुद्रबाट मुक्तिको कथा | प्रस्थान १४: ५ -२२ |
| १० आज्ञाहरूको कथा | प्रस्थान १९: ३- ६, २०: १-१७<br>(फेरि पनि यसलाई कथाको रूपमा भन्न सकिन्छ।) |
| राष्ट्रहरुमा राजा दाउदको प्रसिद्धिको कथा | १ शमुएल १७: ४५- ४८ |
| परमेश्वरले सिंहको खोरमा दानियललाई बचाउनु भयो र राजा दाराको आदेशको कथा | दानिएल ६: ६ - २३ (बुद्धको समयमा जस्तै रेशम मार्गमा उहाँ बस्नुहुन्थ्यो भन्ने ठाउँबाट त्यति टाढा पनि छैन) |
| आउँदै गरेको करुणा प्रभुको बारेमा दानियल र अन्य अगम्बक्ताहरू मार्फत दिइएको भविष्यवाणीहरूको कथा | दानियल, यशैया, योएल आदि धर्मशास्त्रहरूबाट पुष्टि गर्न आवश्यक छ। |
| पूर्वबाट आएका ज्ञानी र बुद्धिमानी मानिसहरूको कथा। | मत्ती २: १- १२ |

**येशूको आज्ञाहरु परिचय गराउनुहोस् ।**
(प्रत्येकलाई तुरुन्तै आज्ञाकारिताको लागि अवसर दिनुहोस् यदि कोही अझै बप्तिसमा लिएका छैनन् भने तिनीहरूलाई बप्तिसमा दिनुहोस् आदि) ९ कथाहरु

| कथा | सन्दर्भ |
|---|---|
| पश्चताप गर्नुहोस् र सुसमाचारमा विश्वास गर्नुहोस् । | मर्कुस १: ९- १५ |
| बप्तिसमा लिनुहोस्। | प्रेरित २: १- १६ , ३६: ४१ |
| दिनुहोस्। | लूका ६: ३५- ३८ |
| अरूलाई प्रेम गर्नुहोस्। | यहून्ना १५: १२ - १७ |
| प्रार्थना गर्नुहोस्। | मत्ती ६: ५- १५ |
| रोटी भाँच्नुहोस् (प्रभु भोज) | बत्ती २६: २० -२९ र १ कोरिन्थी ११: २३- २६ |
| पवित्र आत्मा प्राप्त गर्नुहोस्। | यहून्ना २०: १९- २२ |
| सुसमाचार घोषणा गर्नुहोस्। | मर्कुस १६: १४- २० |
| चेला बनाउनुहोस्। | मर्कुस २८: १६- २० |

**यसपछि तपाईंले शुरुका मण्डलीहरुमा आधारित कथा बनाउन सक्नुहुन्छ।**

| | |
|---|---|
| पहिले चर्चको सुरुवात | प्रेरित २: ३६- ४२ |
| धर्मशास्त्र | २तिमोथी ३: १४-१७ |
| सङ्गति | प्रेरित २: ४२- ४७ |
| दिनु | २ कोरिन्थी ८: १- ७ |
| प्रार्थना उपवास र परमेश्वरको प्रशंसा | मर्कुस १४ : १२- २६ |
| चिन्ह र आश्चर्यकर्म | प्रेरित ९ : ३६- ४२ |
| गुणात्मक बृद्धि | प्रेरित ८: १- ८ |
| अगुवाहरू उठाइएका | प्रेरित ६: १- ६ |

## कार्यका कदमहरू

## १ अर्कोमा जानुअघि यस सेटमा भएका सबै बाइबलका पदहरू पूरा गर्दै एकपटकमा एउटामा ध्यान क्रेन्दित गर्नुहोस्।

हामीसेटहरू बीचमा फड्कने सल्लाह दिँदैनौं।
(कुनै पनि नछोडी अध्ययन गर्नुहोस)

## पाठ ५
## मूल्याङ्कन गर्नुहोस् समायोजन गर्नुहोस् र अगाडी बडिरहनुहोस्।




**६ महिनापछि प्रयोग गर्न सकिने मूल्याङ्कन प्रश्नहरू।**

मूल्यांकन र समायोजन महत्त्वपूर्ण छ भिडियोमा उल्लेख गरिएझैँ तपाईँले दक्षताको सही मूल्यांकन कहिले गर्न सक्नुहुन्छ भनेर मुल्यांकन गर्नु महत्वपूर्ण छ। म तपाईँलाई यससँग सम्बन्धित एन्डरसनको लेखलाई सन्दर्भ गर्न चाहन्छु।
https://www.dmmsfrontiermissions.com/evaluate-tweak-or-stay-consistent/
यी कुरा अरुसँग मूल्याङ्कन गर्न सम्भव छ। प्रार्थना गर्न सँगै परमेश्वरको कुरा सुन्न र कसरी अगाडि बढिरहेको छ भनेर छलफल गर्न छोटो रिट्रेटमा जाने विचार गर्नुहोस्।

६ महिनाको विन्दुमा तपाइले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू यहाँ छन्। यी प्रयोग गर्नुहोस् र आफ्नै सृजना गर्नुहोस् तर यस वर्ष मूल्याङ्कन गर्न निस्चित गर्नुहोस् । यदि तपाईँ उनलाई म वा तपाईँको प्रशिक्षकसँग हेर्न चाहनुहुन्छ भने तपाईँको मूल्यांकन कस्तो भयो र तपाईंले यसबाट के सिक्नुभयो भनि बाँड्न चाहानुहुन्छ भने मलाई इमेल गर्नुहोस्। म तपाइको प्रगती प्रतिवेदनमा र तपाइको योजना परिवर्तनको बारेमा सुन्न धेरै इच्छुक छु।

**सामान्य प्रश्नहरू:**
समग्रमा मूल्यांकन गर्न केही सामान्य प्रश्नहरूबाट सुरु गर्नु राम्रो हुन्छ।

१) विगत छ महिनामा हामीले देखेका सबैभन्दा राम्रो कुरा के हो? हामी के कुरा मनाउन सक्छौ?
२) हामीले के कुरा सिकेका छौँ?
३) डि एमएम सुरु गर्ने प्रयास गर्दा हामीलाई सबैभन्दा चुनौतीपूर्ण कुरा के भएको छ?

त्यसपछि तपाईँ डीएमएम प्रक्रियासँग सम्बन्धित विभिन्न क्षेत्रहरूमा थप विशिष्ट प्रश्नहरूमा जान सक्नुहुन्छ।

थप विशिष्ठ प्रश्नहरू:

**४ प्रार्थना:** प्रार्थनाको क्षेत्रहरूमा हामी कस्तो गरीरहेका छौँ? के चेलाहरू प्रार्थनामा बलियो हुँदै गइरहेका छन्?

**५ प्रशस्त मात्रामा रोप्नु :** हामी सुसमाचार प्रचार र प्रशस्त बिउ छर्ने काम कसरी गरीरहेका छौँ? के हामी हाम्रो योजना पालन गर्न सक्षम भएका छौं? के प्रत्येक विश्वासी आफ्नो गवाही र स्पष्ट सुसमाचार प्रस्तुतिलाई साझा गर्न सुसज्जित छन्? यदि छैनन् भने किन? हामीले कस्ता बाधाहरूको सामना गरिरहेका छौँ? के हामीले प्रयोग गरेका दृष्टिकोण सबैले छिटो सिक्ने र अरुलाई सिकाउन, प्रयोग गर्न र तालिम दिन सरल छ? के ख्रीष्टमा अन्य मानिसहरू आइरहेका छन्? यदि छैन भने प्रार्थना गर्नुहोस् पूर्णरूपमा विचार गर्नुहोस् वा रणनीति परिवर्तन गर्नुहोस्। यदि तपाईँले प्रयोग गर्नुभएको विधिले काम गरेन र कुनै फल प्राप्त भएन भने यो किन हो भनेर विमर्श गर्न कोचि सँग कुरा गरेर परिवर्तनको लागि कार्य योजना बनाउनुहोस्।

**६ शान्तिको मानिसहरु र नयाँ समूहहरू।**
के विश्वास गर्नेहरूका परिवार साथीहरूका वरिपरि नयाँ समूहहरू बनिरहेका छन्? के तपाईँले शान्तिको मानिस भेटाउनुभएको छ? यदि छैन भने किन? केही सम्भावित कारणहरू छन्? हेर्नुपर्ने पहिलो कुरा भनेको सुसमाचार रोप्ने मात्रा हो। तपाईँले आत्मिक युद्ध र प्रार्थनालाई पनि विचार गर्न चाहनुहुन्छ साथै तपाईँको प्रस्तुति र दृष्टिकोण परिस्थितिगत छ कि छैन भन्ने कुरालाई पनि विचार गर्नु चाहनुहुन्छ ।

के मेरो क्षेत्रमा डीएमएम गरिरहेका छन्। के शान्तिप्रिय व्यक्ति भेटाइरहेका छन्? तिनीहरूलाई कसरी फेला पार्ने भन्ने बारेमा म तिनीहरूबाट के सिक्न सक्छु?

यदि नयाँ समूहहरू बनिरहेका छैनन् भने, किन? जब उनीहरुले कसैलाई ख्रीष्टमा डोऱ्याउँछन् तब उनीहरुले अवस्थित समूहमा समावेश गर्नुको सट्टा उनीहरूसँगै नयाँ समुह सुरु गर्नुपर्छ। के तिनीहरु नयाँ समुह सुरु गर्नुको साटो पुरानो समुहमा सहभागि हुन्छन्?

**७ दर्शन र स्वामित्व:**
के हामीले हराएकाहरूका लागि नियमित रूपमा दर्शन देखिरहेका छौं? के त्यो सबैले बुझेका छन्? के चेलाहरूले नियमित रूपमा सुसमाचार बाँडछन्? यो जीवनशैली कतिजनाको बनेको छ? के तिनीहरूले गुणात्मक बृद्धिको लागि दर्शन र थप समूहहरू सुरु गर्ने आवश्यकतालाई बुझेका छन् र तिनीहरूले स्वामित्वमा राखेका छन्?

थप समुहहरु शुरु गर्नु आवश्यक छ । यदि होइन भने हामी उनीहरूलाई यसतर्फ प्रेरित गर्न र उनीहरूका वरीपरी हराएकाहरूसम्म पुग्नको लागि तत्कालको भावना बढाउन के गर्न सक्छौ?

**८ सहभागिता:** समूहहरूमा सबैको सहभागितासंग हामी कस्तो गरिरहेका छौँ? के कोही व्यक्ति हावी हुँदैछ? के हामी चेला बनाउनेहरूको रूपमा विश्वस्त विश्वासीहरूको उदय देख्न थालेका छौ? र उनीहरुलाई आफ्नै समूह सुरु गर्न प्रोत्साहित गरिरहेका छौँ? यदि कोही भाग लिइरहेका छैनन् भने उनीहरूलाई सुरक्षित महसुस गराउन हामीले के गरिरहेका छौं ?अझ के गर्न सकिन्छ?

**९ गुणन :** समूहमा गुणात्मक डीएनेलाई कतिको पूर्णरूपमा पोषण दिन सक्नुभएको छ। मैत्रीपूर्ण जवाफदेहिता कत्तिको राम्रोसँग भइरहेको छ। गुणन र हराएकाहरूको पहुँचको लागि फराकिलो अन्त्य दृष्टिकोणको लागि तपाईँसँग कतिपटक प्राथनाको समय छ। के तपाईँले सुरु गर्नुभएका समूहहरूमा भाग लिनेहरूले धेरै पुस्ताहरू गुणा भएको हेर्ने दर्शन पाएका छन्। तिनीहरूले २तिमोथी २:२ जस्ता खण्डलाई कतिको स्पष्ट रूपमा बुझेका छन्।

यीमध्ये केही वा सबै प्रश्नहरु प्रयोग गरेपछि आफैँलाई सोध्नुहोस्:

क) आगामी ६ महिनाभित्रमा तपाईँले के के कुरामा परिवर्तनहरू ल्याउनुहुनेछ?
ख) अगाडि बढ्नको लागि तपाईँलाई कुन स्रोतहरू र थप तालिमहरू चाहिन्छ ?

यी कुराहरू लेख्न निश्चित हुनुहोस् र परिवर्तनहरू गर्न प्रतिबद्ध हुनुहोस् परिवर्तनहरूको लागि लक्ष्यहरू र आगामी महिनामा फलदायी गुणात्मक बृद्धिका लागि लक्ष्यहरू तय गर्नुहोस्।

तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भन्ने उदार चित्तसँग नझर्किदिनु हुने परमेश्वरलाई त्यसले मागोस् र त्यसलाई त्यो दिइनेछ।
याकूब १:५